मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

प. सं. : २०७९/८०
च. नं. ३३८

## विज्ञप्ति

विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा परेको प्रतिकुल प्रभावका कारण आर्थिक गतिविधिमा संकुचन हुन गई चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व संकलन हुन नसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा समेत त्यसको प्रभाव पर्ने देखिएकोले सार्वजनिक खर्चलाई पुनःप्राथमिकीकरण गरी प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गर्ने योजना तथा कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्न, सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न तथा प्रदेश सरकारको वित्त सन्तुलन कायम गर्न प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा देहाय बमोजिम गर्ने गरी अर्थ मन्त्रालयले निर्णय गरेको छ ।

१. प्रदेश सरकारको सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरुको स्वीकृत बजेटको इन्धन, मर्मत संभार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधार तथा पूँजीगत सुधार खर्च लगायतका खर्च शिर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको मध्ये (दायित्व सिर्जना भइसकेको बाहेक) बजेट तत्काल लागु हुने गरी २० प्रतिशत कटौती गर्ने ।

२. प्रदेश सरकारको स्रोतमा प्रदेश सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने ।

३. अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने ।

४. चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी हाललाई रकमान्तर नगर्ने ।

५. निर्मित भवनको संरचनात्मक सुधार खर्च र पूर्जीगत सुधार खर्च हाललाई स्थगत/रोक्का गर्ने । खर्च गर्न आवश्यक परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिई मात्र गर्ने ।

६. चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरिद प्रक्रिया प्रारम्भ भईनसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका एवम् क्रमागत आयोजना तथा कार्यक्रम बाहेक) को हकमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरिद प्रक्रिया अगाडि बढाउने ।

७. अर्थ मन्त्रालयको पूर्व स्वीकृति बिना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, नयाँ दरबन्दी थप नगर्ने । चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने ।

८. सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने ।


URL: www.mof.madhesh..gov.np फोन नं. ०४१-५२१५९८, ५२३०२८, ५२७४४६ Email: info.moeap@p2.gov.np

मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल

प. सं. : २०७९/८०
च. नं. ३३८

९. फर्निचर र नयाँ सवारी साधन खरिद शिर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने । खर्च गर्न आवश्यक परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिई मात्र गर्ने ।

१०. कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने ।

११. चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने ।

१२. सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने ।

१३. प्रदेश सरकार अन्तर्गतका सबै विश्वविद्यालय, प्रतिष्ठान, प्राधिकरण, समिति, नियामक निकाय, बोर्ड लगायत सबै निकायहरुमा समेत उपरोक्त व्यहोरा लागु गर्ने ।

..........................
(अजय कुमार लाल कर्ण)
उपसचिव

मितिः २०७९।१०।२३